# देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

मिति २०७९/०१/०८ वैठक संख्याः ८७

आज मिति २०७९/०१/०८ गते बिहान ७:०० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँ कार्यपालिकाको वैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी देहायका निर्णयहरु गरियो ।

**उपस्थितीः**

| | नामथर | पद |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) | श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) | श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) | श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ७) | श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ८) | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| ९) | श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| १०) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| ११) | श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १२) | श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १३) | श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०७९/०१/०८** **वैठक संख्या ८७**

**प्रस्तावहरुः**

१. समिक्षाः
२. योजना सञ्चालनमा हेभि इक्युपमेन्ट प्रयोग सम्बन्धमा ।
३. तनहुँ जिल्ला अदालतलाई सहयोग दिने सम्बन्धमा ।
४. साउने कर्ताप सडक सम्बन्धमा ।
५. गाउँपालिका अस्पताल निर्माण सम्बन्धमा ।
६. गाउँपालिका भवन निर्माण थप काम सम्बन्धमा ।
७. पूर्वाधार निर्माण तथा मर्मत सम्बन्धमा ।
   अ) नदीघाट उत्खनन तथा ढुवानी कार्य गर्दा बिग्रिए भत्किएका तथा नयाँ आवश्यकता अनुसार त्यस क्षेत्रको भौतिक पूर्वाधार निर्माण तथा मर्मत गर्ने सम्बन्धमा ।
   आ) अन्य भौतिक पूर्वाधार मर्मत तथा निर्माणको लागि
८. भुवनटार घाट तल्लो र सेती भतेरी घाटबाट नदीजन्य पदार्थ उत्खनन कार्य रोक्ने सम्बन्धमा ।
९. भुवनटारघाट माथिल्लोमा उत्खनन कार्यमा विरोधपत्र आएको सम्बन्धमा ।
१०. त्रिशुली नदी किनार सेतीभतेरीमा नदी कटान नियन्त्रणका लागि विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।
११. वडा नं. १, ४ र ५ मा यसै आ.व. मा कृषि तथ्यांक लिने सम्बन्धमा ।
१२. आर्थिक सहयोग सम्बन्धमा ।
१३. विपद कोषबाट भुक्तानी दिने सम्बन्धमा ।
१४. वडा नं. ५ को वडा कार्यालय भवन निर्माण योजनालाई बहुवर्षिय योजनाको रुपमा स्वीकृत गर्ने सम्बन्धमा ।
१५. उद्योग एण्ड सप्लायर्स प्रा.लि.लाई बालुवा धुनको लागि १ वर्षको लागि अस्थायी अनुमती दिने सम्बन्धमा ।

**निर्णयहरुः**

१. यस अघिका कार्यपालिकाको वैठकको निर्णय कार्यान्वयन प्रगती समीक्षा गरियो ।
२. यस गाउँपालिकामा मानवीय श्रमबाट काम गर्न ईच्छुक जनशक्ति न्यून रहेको तथा मानीय श्रमबाट कार्य गर्दा गराउँदा लागत रकम बढी हुने र अधिकांश क्षेत्र पहाडी क्षेत्र भएकोले नयाँ ट्र्याक खोल्न र पुरानो सडक मर्मत तथा सफाई गर्न हेभि ईक्युपमेन्ट नै प्रयोग गर्नुपर्ने अवस्था भएकोले गाउँपालिका क्षेत्रका सबै वडा तथा स्थानमा सडक निर्माण तथा मर्मत र सफाई गर्ने काममा हेभि ईक्युपमेन्ट प्रयोग गर्ने निर्णय गरियो ।

देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय देवघाट, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

दुर्ग बहादुर थापा
अध्यक्ष

३. तनहुँ जिल्ला अदालत परिसर भित्र सेवाग्राही प्रतिक्षालय लगायतको पूर्वाधार निर्माणको लागि भैपरी शिर्षकबाट रु. ५०,०००/- (पचास हजार रुपैया) तनहुँ जिल्ला अदालतलाई भुक्तानी दिने निर्णय गरियो ।

४. साउने कर्ताप सडक निर्माणको काम गत वर्षहरु देखि निरन्तर भइरहेकोमा साउने देखि अगाडी बक्स बक्स कटिङ्ग भएको स्थानभन्दा केही अगाडी लुम्ते भिर क्षेत्रमा साँघुरो ठाउँमा दायाँ बायाँ दुवैतिर पहिरो गई गाडी पास हुन नसक्ने भएकोले र तल माथी क्षेत्रमा पनि ढलान गर्नुपर्ने र नाली समेत निर्माण गर्नपर्ने भएकोले उक्त स्थानमा गाडी पास हुने गरी सडक बनाउन वा अन्य विकल्प अपनाई निर्माण गर्न रु. १,००,००,०००/- (एक करोड) बजेट व्यवस्था गर्नको लागि प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

५. देवघाट गाउँपालिकामा अस्पताल नरहेकोले एक अस्पताल आवश्यक भई वडा नं. ५ मा रहेको स्वास्थ्य चौकीलाई स्तरोन्नती गर्ने र उक्त स्थानमा स्वास्थ्य चौकी भवनले चर्चेको तथा कच्ची भवन रहेको सार्वजनिक ऐलानी जग्गामा नै अस्पताल बनाउन रकम निकाशा भएकोले बोलपत्र आह्वान गरी ठेक्का लगाई अस्पताल निर्माणको काम भईरहेकोमा उक्त सार्वजनिक/ऐलानी जग्गा गाउँपालिका अस्पतालको नाममा कायम गरिदिन वा लिजमा उपलब्ध गराईदिनको लागि आवश्यक प्रक्रिया अगाडी बढाईदिन जिल्ला प्रशासन कार्यालयमा अनुरोध गरी लेखी पठाउने निर्णय गरियो ।

६. गाउँपालिकाको प्रशासकीय भवन निर्माण हुँदै गरेको र उक्त भवनको पछाडी पट्टी पर्खाल उठाउन तथा आंशिक रुपमा कम्पाउण्ड लगाउन रु. २०,००,०००/- (बिस लाख) बराबरको काम गर्नुपर्ने भएकोले गाउँपालिका प्रशासकीय भवन निर्माण शिर्षकको रकमबाट उक्त थप काम गर्ने निर्णय गरियो ।

७. पूर्वाधार निर्माण तथा मर्मत सम्बन्धमा तपसिल अनुसारको निर्णय गरियो ।

अ) नदीघाट उत्खनन तथा ढुवानी कार्य गर्दा बिग्रिए भत्किएका तथा नयाँ आवश्यकता अनुसार त्यस क्षेत्रको भौतिक पूर्वाधार निर्माण तथा मर्मत गर्नको लागि

क) दासढुङ्गा (मोटर मार्ग) घुम्ति कालोपत्र सडक भत्किएकोले मर्मत गर्न रु. ३,३४,८१४/- (तिन लाख चौंतिस हजार आठ सय चौध रुपैया)

ख) सेती भतेरीघाट छेउ कल्भर्ट निर्माण गर्न रु. ५,००,०००/- (पाँच लाख रुपैया)

ग) सिद्ध महाकाली मा.वि.को अधुरो भवन पुरा गर्नको लागि रु. ७,००,०००/- (सात लाख रुपैया)

घ) भुवनटार घाट नजिक भत्किएको कुलो मर्मत तथा निर्माणको लागि रु. ५,००,०००/- (पाँच लाख रुपैया)

आ) अन्य भौतिक पूर्वाधार मर्मत तथा निर्माणको लागि

क) गाईघाट सिंच्याङ्ग सडक मर्मत रु. ९५,०००/- (पन्चानब्बे हजार रुपैया)

ख) देवघाट – ५ मूल सडक देखि देउती सामुदायिक वन जाने बाटोमा स्ल्याव ढलान र माटो फिलिङ्ग गर्न रु. ५०,०००/- (पचास हजार रुपैया)

ग) साउने कर्ताप सडक मर्मत तथा सफाई गर्न रु. ६०,०००/- (साठी हजार)

घ) गोहीटार मन्दिर निर्माण/मर्मत रु. ५०,०००/- (पचास हजार रुपैया)

दुर्ग बहादुर थापा
अध्यक्ष

देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

९।११

८. भुवनटार घाट तल्लो र सेती भतेरी घाटबाट नदीजन्य पदार्थ उत्खनन कार्य रोक्न ठेकेदारलाई पत्र लेखिएको भनि प्रमुख प्रशासकीय अधिकृतले जानकारी गराउनु भयो । सो सम्बन्धमा त्रिशुली नदी भुवनटारघाट तल्लोबाट १९,७२६.१६ घ.मि. र सेती भतेरी घाटबाट ८,६८१.७४ घ.मि. उत्खनन भएको कार्यपालिकाको सदस्यहरुबाट सर्वसम्मत ठहर भयो । त्यसैले उत्खनन स्थगित भएको उक्त दुवै घाटहरु बन्द गर्ने निर्णय गरियो ।

९. भुवनटारघाट माथिल्लो ठेक्काको लागि बोलपत्रबाट ठेक्का भई शिव शंकर विल्डर्स एण्ड सप्लायर्स प्रा.लि.बाट विडिङ्ग भएकोमा भुवनटार, विष्णुशैया टोल विकास संस्था, नमूना आमा समुह र भुवानीटार युवा क्लवबाट नदीजन्य पदार्थ उत्खनन गर्न नदिने व्यहोराको विरोध पत्र दिनु भएको र ठेकेदारबाट उचित वातावरण मिलाई ठेक्का सम्झौता गरि पाउन निवेदन आएकोमा जनप्रतिनिधिहरुबाट विरोधपत्र निवेदन दिने सरोकारवालाको प्रतिनिधिसँग छलफल गर्ने निर्णय गरियो ।

१०. त्रिशुली नदी किनार सेतीभतेरीमा नदी कटान नियन्त्रणका लागि विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने निर्णय गरियो ।

११. वडा नं. १, ४ र ५ मा यसै आ.व. मा कृषि तथ्यांक लिने र बाँकी वडामा आगामी आ.व. मा लिने निर्णय गरियो ।

१२. देवघाट – २ कुसुन्डेमा जस माया गर्जालाई चट्याङ्गको करणले बिरामी भई उपचाररत भएको हुँदा विपद कोषबाट रु. १५,०००/- (पन्ध्र हजार रुपैया) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

१३. ३ नं. वडा कार्यालय भवन ट्रस निर्माण कार्य गरिरहेको अवस्थामा आएको हावाहुरीको कारणले ट्रस उडाई क्षति भएको कारण निर्माण व्यवसायी खगेन्द्र शर्मालाई उक्त क्षति बापतको रु. ५०,०००/- (पचास हजार रुपैया) रकम विपद कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

१४. वडा नं. ५ को वडा कार्यालय भवन निर्माण योजनालाई बहुवर्षिय योजनाको रुपमा स्वीकृत गर्ने निर्णय गरियो र लागत इष्टिमेट अनुसार आ.व. २०७९/०८० को आषाढ मसान्त भित्रमा सम्पन्न गर्ने गरी बहुवर्षिय ठेक्काको लागि बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

१५. यस अघी कार्यपालिकाबाट निर्णय भई गठन भएको सिफारिस समितिले सिफारिस गरेमा कालीगण्डकी बालुवा प्रशोधन उद्योग एण्ड सप्लायर्स प्रा.लि.लाई बालुवा धुनको लागि १ वर्षको लागि अस्थायी अनुमती दिने निर्णय गरियो ।

दुर्गा बहादुर थापा